नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं

## वार्ताद्वारा सोझै सम्पत्ति तथा जिन्सी मालसामानहरुको लिलाम बिक्री सम्बन्धी सूचना !

**(सूचना प्रकाशित मितिः २०८२।०२।२२)**

यस विभागमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम विक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्री गर्न पहिलो पटक मिति २०८२/०१/१५ गते र दोस्रो पटक मिति २०८२/०२/०६ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान गर्दा समेत निर्धारित समय र मितिमा कोही कसैले पनि लिलाममा चढेका मालसामानहरु लिलाम सकार गर्न नआएकोहुँदा देहाय अनुसार वार्ताद्वारा सोझै लिलाम बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिन्सी मालसामानको विवरण**

| क्र.सं. | विवरण | लिलाम गर्नु पर्ने परिमाण | एकमुष्ट कायम न्यूनतम मूल्य |
|---|---|---|---|
| १ | कम्प्यूटर, फर्निचर, इलेक्ट्रिकल एवं इलेक्ट्रोनिक्स लगायतका सम्पत्ति तथा जिन्सी मालसामानहरू | ६६७ थान | रु. १०५२६३३।- |

१. **वार्ताद्वारा लिलाम बिक्री गरिने मिति, समय र स्थानः** २०८२ साल जेष्ठ महिना २९ गते विहिबार दिउँसो ३:०० बजे देखि ५:०० बजे सम्म, यस विभागको जिन्सी फाँट । सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समय र स्थानमा हुनेछ ।

२. वार्ताद्वारा लिलाममा सहभागी हुन चाहने इच्छुक व्यक्ति वा संस्थाले मिति २०८२।०२।२८ गते कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.१०००।- (अक्षेरुपी एक हजार मात्र) यस विभागको जिन्सी फाँटमा नगदै बुझाई चालु आ.व.का लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्नेछ ।

३. निवेदन दर्ता नगराई लिलाम बिक्री गरिने मिति र समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समयभित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मूल्य कायम गरिने र एक भन्दा बढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीहरूका बीचमा लिलाम बढाबढको प्रक्रिया अपनाईनेछ । सो प्रक्रियामा सबै भन्दा बढी अंक कबोल गर्ने व्यक्ति वा संस्थालाई लिलाममा राखिएका मालसामानहरू विक्री गरिनेछ ।

५. लिलाम गरिने सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम मूल्य रु. १०,५२,६३३।- (अक्षेरुपी दश लाख बाउन्न हजार छ सय तेत्तीस रुपैया मात्र) कायम गरिएको छ। यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नु पर्नेछ। वार्ता (लिलाम) मा आफुले कबोल गरेको अंकको दश प्रतिशतले हुन आउने रकम नगदै धरौटी राख्नु पर्नेछ । लिलाम सम्पन्न हुदाँ सबभन्दा वढी अंक कवोल गर्ने व्यक्ति वा फर्मको वाहेक अन्यको धरौटी सोही दिन फिर्ता गरिनेछ ।

६. वार्ता(लिलाम) सम्पन्न भएपछि लिलाम सकार गरिलिने व्यक्ति वा फर्मले सात दिन भित्र आफुले कबोल गरेको रकम दाखिला गरी रकम दाखिला गरेको मितिले सात दिन भित्र सम्पत्ति तथा मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा उठाई लैजानु पर्नेछ । ओसार पसार गर्दा लाग्ने खर्च लिलाम सकारकर्ता स्वयंमले तिर्नु पर्नेछ । सात दिन भित्र आफुले कबोल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम जफत हुनेछ ।

७. यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा जिन्सी मालसामानहरु हेर्न चाहेमा यस विभागको जिन्सी फाँटमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । यस उल्लेख भएका बाहेक अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

आ. एकराज अधिकारी
उप-महानिर्देशक
आवास महाशाखा